## सल्यान जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञा आदेशको निरन्तरता

जिल्लामा कोभिड-१९ को संक्रमितको संख्या न्यून हुँदै गएता पनि स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी सर्तकता अपनाउनु पर्ने अवस्था विद्यमान रहेकोले कोभिड-१९ संकट व्यवस्थापन सम्बन्धमा व्यवस्थापन गर्न बनेको अध्यादेश २०७८ को दफा ४ तथा स्थानीय प्रशासन ऐनको दफा ६ (३) बोजिम मिति २०७८/०१/१९ गतेको आदेशलाई तपसिल बमोजिम हुने गरी मिति २०७८/०४/१५ गते बिहान ००:०१ बजेदेखि अर्को आदेश नभएसम्म सल्यान जिल्लाभर लागू हुने गरी निरन्तरता दिइएको व्यहोरा अनुरोध छ । यो आदेशको पालना गर्नु/गराउनु सबै व्यक्ति/संघ, संस्था/पेशाकर्मी/व्यवसायी तथा आमनागरिकको कर्तव्य हुनेछ ।

देहाय :

१. निषेधाज्ञा अवधिभर अत्यावश्यक काममा घर बाहिर निस्कनु पर्दा अनिवार्य मास्क प्रयोग गर्ने र स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने ।

२. औषधी पसल एवम् स्वास्थ्य सामग्रीका पसलहरु २४ घण्टा खुल्ने । नेपाल सरकारले तोकेका स्वास्थ्य र सुरक्षा मापदण्डको पूर्ण रुपमा पालना गरी विभिन्न वस्तु तथा सेवा खरिद तथा विक्री गर्ने पसलहरु विहान ५:०० बजेदेखि बेलुका ८:०० बजेसम्म सञ्चालन गर्ने ।

३. विद्यालय, क्याम्पस तथा शिक्षालयहरुमा भौतिक उपस्थितिमा हुने पठनपाठन बन्द गर्ने तर त्रिभुवन विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् लगायतका निकायबाट सञ्चालन हुन लागेका परीक्षाहरु स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरि सञ्चालन गर्ने ।

४. सबै प्रकारका गोष्ठी, तालिम, सभा, सम्मेलन, सेमिनार, जात्रा, महोत्सव र खेलकुद कार्यक्रम सञ्चालन गर्न नपाइने ।

५. मठ, मन्दिर तथा विभिन्न धार्मिक स्थलहरुमा परम्परागत रुपमा गरिने नित्य पूजा बाहेक अन्य सम्पूर्ण धार्मिक एवं सांस्कृतिक गतिविधिहरु बन्द गर्ने ।

६. सार्वजनिक तथा निजी सवारी साधनहरु तोकिएको सिट क्षमता अनुरुप, प्रचलित भाडादर लिई पूर्ण रुपमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सञ्चालन गर्ने, सो विपरित सञ्चालन गरेको पाइएमा ट्राफिक नियमानुसार जरिवाना तथा कारवाही गरिने ।

७. जिल्लास्थित सरकारी, सार्वजनिक तथा गैर सरकारी कार्यालयले स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी सेवा प्रवाह गर्ने ।

८. बैंक, वित्तीय संस्था तथा वित्तीय कारोवार गर्ने सहकारीहरुले स्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गरी सेवा प्रवाह गर्ने ।

९. कामदारलाई निर्माण स्थलमै बस्ने व्यवस्था र स्वास्थ्य मापदण्ड पालना गरी विकास निर्माणका कामहरु सञ्चालन गर्ने ।

लक्ष्मी देवी हमागाइं (खतिवडा)
प्रमुख जिल्ला अधिकारी

१०. यस आदेशको उल्लंघन गर्ने आदेशको पालना गर्ने कार्यमा अवरोध गर्ने, औषधी, औषधीजन्य सामग्री, अत्यावश्यक उपभोग्य वस्तु वा सेवाको आपूर्तिमा कृत्रिम अभाव सिर्जना गर्ने, मूल्यवृद्धि गर्ने, जम्माखोरी गर्ने, लुकाउने वा सहज आपूर्तिमा अवरोध गर्नेहरु उपर कानूनबमोजिम कारवाही गर्ने ।

११. यो आदेशको पालना गर्नु गराउनु सबैको कर्तव्य हुनेछ । यो आदेशको प्रतिकुल कार्य गर्नेलाई कोभिड -१९ संकट व्यवस्थापन गर्न बनेको अध्यादेश, २०७८ र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुनेछ ।

मिति : २०७८/०४/१३

लक्ष्मी देवी होमागाई (खतिवडा)
प्रमख जिल्ला अधिकारी